**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०३ दिसम्बर २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बंगालका ८ वटा गैर सरकारी मेडिकल कलेजहरू साथै देशभरी २८ टा मेडिकल कलेजहरूमा ई.डी को छापामारी।
२. पश्चिम बंगालमा थोक आलु बिक्रेताहरूको हड़ताल जारी। राज्यमा आलुको भाव आकाशिन्दै गएको छ।
३. नेपाली संस्कृति परिषदले आगामी १३,१४ अनि १५ दिसम्बरको दिन अयोध्यामा अन्तरश्ष्ट्रिय सम्मेलन गने। सिक्किमका राज्यपाललाई ससामेल हुने निम्तो।
४. हाम्रो पार्टी अध्यक्ष अजय एडवार्डले पार्टी कार्यकर्ताहरूलाई संघर्षशील हुने गरे आवहान ।
५. नेपालका प्रधानमंत्री के.पी ओली र चीनको राष्ट्रपति सी. जिंगपींग बीच भेटवार्ता । कैयंन सम्झौतामा हस्ताक्षर।

**ईडी- बङ्गाल**

पश्चिम बंगालको आठ गैर सरकारी मेडिकल कलेजहरू र देशभरिमा कूल 28 मेडिकल कलेजहरूमा प्रवर्तन निदेशालय (ईडी) ले आज बिहान छापा मारेको छ। यस कारबाहीमा मेडिकल कलेज मालिकहरूको घरहरू र संस्थानहरूमा छापा मारेको जानकारी प्राप्त भएको छ । ईडी सूत्रहरू अनुसार, पूर्व माकपा सांसद लक्ष्मण सेठको हल्दिया स्थित घर र उनको स्वयंसेवी संस्थाद्वारा संचालित मेडिकल र डेन्टल कलेजमा कारबाही चलाइयो। यसका साथै बर्धमान, बीरभूम र कोलकाताको तारातला क्षेत्रको मेडिकल कलेजहरूमा पनि खोजी अभियान चलाइएको छ। यो कारबाही एनआरआई कोटासित सम्बन्धित भ्रष्टाचार मामिलामा गरिँदैछ। नक्कली प्रमाणपत्रहरूको आधारमा ठूलो रकम लिएर अयोग्य छात्रहरूलाई एनआरआई कोटा अन्तर्गत प्रवेश दिइएको आरोप छ।

****** ० ******

**बङ्गाल -आलु- हड्ताल**

पश्चिम बङ्गालमा आलुका थोक बिक्रेताले हडताल सुरु गरेसँगै बजारमा आलुको भाउले आकास छोएको छ । पश्चिम बङ्गाल सरकारले आलुको 'बाहिर निर्यात'मा कडाइ गरेपछि व्यापारीले सोमबार मध्यरातबाट हडतालको घोषणा गरेका हुन् । जसका कारण आज बिहानैदेखि प्रदेशका विभिन्न बजारमा आलुको मूल्य ह्वात्तै बढेको छ । प्रदेश कृषि बजार मन्त्री बेचराम मन्ना र प्रगतिशील आलु व्यापारी संघबीच हिज भएको बैठक पनि निष्कर्ष विहीन भएको छ । राज्यको सीमावर्ती क्षेत्रमा आलु बोकेका ट्रकमाथि रोक लगाइनदैन तबसम्म आन्दोलनबाट पछि हट्ने व्यापारी युनियनले स्पष्ट पारेको छ । बन्दको प्रभाव राज्यका बजारमा प्रस्ट देखिएको छ । आज बर्दवानको पुलिस लाइन बजार, स्टेशन बजार र नीलपुर बजारमा ज्योति आलु प्रतिकिलो ३६ रुपियाँ र चन्द्रमुखी आलु प्रतिकिलो ४० रुपियाँमा बिक्री भइरहेको छ । हिजसम्म यी आलु प्रतिकिलो ३२ रुपियाँमा बिक्री हुँदै आएको थियो । आलुको थोक मूल्यमा प्रति बोरा २ सय रुपियाँले बढेपछि खुद्रा बिक्रेताले मूल्यवृद्धि गरेको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**हाम्रो पार्टी-सभा**

जातिको उन्मुक्ति र पहाड उत्थानको निम्ति हाम्रो पार्टी अध्यक्ष अजय एडवाडर्सले पार्टी कार्यकर्ताहरूलाई संघर्षशील बन्ने आहवान गरेको छ। दार्जीलिंग मल रोड स्थित हाम्रो पार्टीको केन्द्रीय कार्यलय पी कोठीमा आज हाम्रो पार्टीको साधारण सभा सम्पन्न भयो। आयोजित सभामा विभिन्न क्षेत्रहरूबाट पार्टी कार्यकर्ता एंव नेतृत्वहरूको उपस्थिति रहेको थियो। सभालाई सम्बोधन गर्ने क्रममा पार्टी अध्यक्ष अजय एडवाडर्सले जातिको उन्मुक्ति र पहाडको उत्थानको निम्ति पहाडवासीलाई एकबद्ध भएर संघर्ष गर्नु पर्ने आहवान गर्नु भयो । उहाले पहाडमा प्रति दिन समस्याहरू थुप्रिएको र सरकारले समस्या समाधानको निम्ति कुनै पहल नगरेको बताउनु भयो । उहाले चिया श्रमिकहरूको समस्या यथवत रहेको अनि यसबारे आजसम्म कुनै ठोस पहलहरू नभएको बताउनु हुदै पहाडका यी समस्याहरु समधान गर्नका लागि सबैलाई अघि आउने आह्वान गर्नु भयो ।

****** ० ******

**नेपाली परिषद**

नेपाली संस्कृति परिषद संमिति अन्तराश्ट्रिय सिक्किम राज्यका पदाध्किारीहरूले आज सिक्किमको राजधानी गान्तोक स्थित राजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुर सित भेट गरी आगाम १३, १४, १५ दिसम्बरमा उत्तर प्रदेशको अयोध्यामा आयोजित परिषदको १८ औं अन्तराश्ट्रिय सम्मेलनमा आउने निमंत्रण दियो। यस अवसरमा परिषदले देश विदेश अनि सिक्किम राज्यहरूमा गर्दै आएको समाज- संस्कृति राष्ट्र जागरण संबङ्गिन्धत कायैहरूबारे राज्यपाललाई अवगसत गराए। परिषदको गतिविधिहरूकको श्री माथुरले प्रशंसा गर्दे एउटा टवीट पनि गर्नु भएको छ। सिक्किममा परिषदको प्रदेश अध्यक्ष श्री अनन्त भण्डारी तथा महासचिव धड़केन्द्र पौडेलका साथ अन्य पदाध्किारीहरू उपस्थित थिए।

****** ० ******

**सन्त मेरिज ग्राम**

खरसाङ खण्ड अन्तगर्त सन्त मेरिज तीन ग्राम पञ्चायतमा आज स्वच्छ भारत मिशन अन्तर्गत गाउँ घर सफा अनि स्वच्छ राख्नका लागि फोहोर व्यवस्थापन गर्ने वाहन संचालनमा ल्याएको छ । यस अवसरमा सन्त मेरिज तीन ग्राम पञ्चायत प्रधान मणिराज डुम्जनको बाहुलीबाट रिबन काटेर यस कार्यको शुभारम्भ गरियो। पञ्चायत प्रधान मणिराज डुम्जनले आफ्नो गाउँ घरको परिवेश स्वच्छ एवं सुन्दर बनाउने उद्धेश्यले आजदेखि वाहानले पञ्चायत क्षेत्रको विभिन्न ठाउमा फोहोर संकलन गर्ने बताउनु भयो I

****** ० ******

**कालेबुङ- विश्व दिव्यांग दिवस**

कालेबुङ अपाङ्ग कल्याण संगठनले आज वर्शिप सेन्टरमा विश्व दिव्यांग दिवस विविध कार्यक्रमको साथ पालन गरेको छ । संगठनका अध्यक्ष छोटे लाल प्रसादको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समाजसेवी ज्योती कार्की अनि सञ्जोगिता सुब्बा बिशेष रुपमा उपस्थित रहेकी थिइन्। कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा समाजसेवी ज्योति कार्कीले एकजना दिव्यंग विद्यार्थीको विद्यालयको सम्पूर्ण खर्च बेहोर्ने घोषणा गर्नु भयो I यसरी नै अर्का समाजसेवी सञ्जोगिता सुब्बाले पनि सहायोग राशि संगठनलाई प्रदान गर्नु भयो I यसैबीच संगठनका अध्यक्ष छोटेलाल प्रसादले संगठनले दिव्यंगहरुको अधिकारका लागि निरन्तर कार्य गरिरहेको बताउनु भयो I

****** ० ******

**मिरिक नगरपालिका**

मिरिक पर्यटन केन्द्रलाई सुन्दर र ब्यावस्थित गर्न मिरिक नगरपालिकाले ठोस पहल गर्ने भएको छ । यस विषयलाई केन्द्र गेरेर मिरिक नगरपालिका अध्यक्ष एलबी राईले मिरिक पर्यटन केन्द्रका पसलेहरूसित मिरिक नगरपालिका कार्यालयमा एउटा सभाको आयोजनापछि पत्रकारहरूसित कुराकानी गर्नु हुदै पसलेहरूसित मिरिकको सफाई,मिरिक पर्यटन केन्द्रको विस्तार ,पार्किङ आदि विषयमा व्यापक छलफल भएको बताउनु भयो । श्री राईले अबोप्रांत मिरिक पर्यटन केन्द्र परिसरमा पसलहरू नबडाइने निर्णय लिएको अनि हाल जसको पसल रहेको छ उनीहरूलाई नगरपालिकाले परिचय पत्र प्रदान गरिने बताउनु भयो । उहाले मिरिक नगरपालिकाले मिरिक पर्यटन केन्द्रलाई सफा राख्न नगरपालिकाले आफ्नो पक्षबाट सक्रिय कार्य गर्ने अनि मिरिक पर्यटन केन्द्रलाई सुन्दर र ब्यावस्थित राख्न पसलेहरूको पनि अहम भूमिका रहेको कारण उनीहरूले पनि सफाईमा विशेष ध्यान दिनुपर्ने बताउनु भयो ।

****** ० ******

**बुङकुलुङ – सडक**

बुङकुलुङ देखि नागरी धजे हुँदै सुकिया पोखरी जाने मुख्य सडक गत वर्ष नै जीटीएले पीडब्ल्युडीलाई हस्तान्तरण गरिसकेको गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन सभाका सभापति अञ्जुल चौहानले जानकारी गराउनु भएको छ । यो सडक पोख्रेबोङ , नागरी धजे क्षेत्रवासीको निम्ति मिरिक २४ नम्बर समष्टिको फेदिमा रहेको नाम्सु बस्तीस्थित वनभोज स्थाल, अनि सिलगडी जाने मुख्य सडक हो । सडकको वर्तमान अवस्था जिर्ण अनि जोखिमपुर्ण रहेको छ भने यो सडकलाई लिएर धैरै जनगुनासो पनि रहेको छ। तथापी पीडब्ल्युडी ले सडक निर्माण कार्य चाडै शुरु गर्ने श्री चौहानले बताउनु भएको छ I

****** ० ******

**खरसाङ- वाटर फिल्टर**

खरसाङ पञ्चायत समितिले  आज खरसाङ खण्डका चारवटा ग्राम पञ्चायतहरुमा रहेका स्वास्थ्य केन्द्र, आँगनवाडी केन्द्र, शिशु शिक्षा केन्द्र, स्कूल र सार्वजनिक भवन आदिमा शुध्द पानी पिउनलाई आर.ओ वाटर फिल्टर वितरण गरिएको छ। फिभटिन फाइनेन्स योजना अन्तर्गत खरसाङ खण्ड पञ्चायत समितिको तर्फबाट प्रथम चरणमा 10 वटा वाटर फिल्टरहरु वितरण गरिएको छ। यसमा खरसाङ खण्डको तर्फबाट चारवटा ग्राम पञ्चायतहरु क्रमैले शिवखोला,घैयाबारी तीन, पाण्डु र सन्त मेरिज तीन ग्राम पञ्चायतहरुमा वाटर फिल्टर वितरण गरिएको छ। वाटर फिल्टर वितरण कार्यक्रममा खरसाङ खण्ड पञ्चायत समितिको सभापति अनु छेत्री प्रधान, खरसाङ खण्ड विकास अधिकारी कौशिक चक्रवर्ती, जोइन्ट खण्ड विकास अधिकारी फ्रान्को लेप्चा आदि उपस्थित थिए I

****** ० ******

## सिंगो दिवस

२/११ गोर्खा राइफल्स सिंगो पल्टनका भूतपूर्व सैनिक संगठनले आगामी सात दिसम्बरको दिन रंगबूल स्थित सिधालाइन सार्वजनिक भवनमा   सिंगो दिवस  पालन गर्ने भएको छ I कार्यक्रममा २/११ जी आर (SHINGO) का भुतपूर्व सैनिकहरुलाई उपस्थित भइदिने  अनुरोध आयोजक समितिले गरेको जानकारी पूर्व सुबेदार मेजर कप्तान सी०बी० तामाङले जानकारी दिनु भएको छ। समरण रहोस,  २/११ जी आर अथवा सिंगो पल्टनले  १९७१ मा पाकिस्तान  बिरुद्ध भएको  युद्धमा  बिजय प्राप्त भएको थियो। यस युद्धमा पल्टनले तीन वीर चक्र प्राप्त गरेका थियो  भने ८ जना सैनिक शहिद भएका थिए। सोही युद्धपछि    पल्टनलाई युध्द समान "शिगों" द्वारा सुशोभित गराइएको थियो।  यसै अवसरमा २/११ जीआरका भुतपूर्व सैनिक संगठनले सिंगो दिवस पालन गर्दै आइरहेको छ I

****** ० ******

## घूम - आँखा जाँच

घूम बालबालिका प्राथमिक पाठशालामा दोस्रो चरणको  आँखा जाँच शिविर शुरु भएको जानकारी पाठशालाका प्रधान अध्यापक साङ्गे डुक्पाले दिनु भएको छ। यस अघि पनि पाठशालामा अप्रेल महीनामा आँखा जाँच शिविर सम्पन्न भइसकेको छ। उहाले  पहिलो चरणको आँखा जाँच शिविरमा विद्यार्थीहरुलाई चश्मा बनाउन २० प्रतिशत  मात्र छुट दिइएको थियो भने यसपटक चश्मा निःशुल्क प्रदान गरिने बताउनु भएको छ  ।

****** ० ******

## बन्द मगरजोङ चियाबारी

दार्जीलिङ जिल्लाको जोरबंगलो सुके खण्ड अन्तर्गत  रहेको बन्द चियाबारी मगरजोङमा असामाजिक तत्वहरुद्वारा मेनेजर बङ्लो, चियाबारी कारखाना तथा चियाबारी कार्यलयहरुमा धेरै क्षति पुर्याएको जानकारी प्राप्त भएको छ। यी बङ्लोहरुलाई नशालु पदार्थ सेवन साथै , अनैतिक कार्यहरु गर्ने गरेको स्थानीयवासीको भनाइ रहको छ I चियाबारीमा जम्मा पाँचवटा बङ्लो रहेको छ भने सबै बङ्लोहरु अहिले दुरुपयोग भइरहेको उनीहरुले बताएका छन्। बङ्लोमा रहेको धेरै सामाग्रीहरु कुतत्वहरुको हातमा परिसकेको र चियाबारी कार्यलयमा श्रमिकहरुको विवरण राखिएको खाताहरु समेत अव्यवस्थित बनाइदिएको उनीहरुले बताएका छन्।

****** ० ******